# समग्र

सीमान्तकृत मानिसहरूको
सशक्तीकरणमा
सामाजिक परिवार !

अंक-३२,पौष, २०६९

## भित्र

३४ औं साधारण सभा सम्पन्न .२

मनाईयो : महिला हिंसा विरुद्धको १६ दिने अभियान .....३

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सम्पन्न ..............................३

के भन्छन् त सरोकारवालाहरु ..........................................................३

समावेशीको नमूना कुर्पिन साप ..........................................................४

आव २०६८/०६९ लेखा परिक्षण गरिएको आय व्यय विवरण......४

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,**
हस्पिटल मार्ग, चाबहिल,
पो.ब. नं. : १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल:
info@samagra-nepal.org.np,
वेभसाइट: www.samagra-nepal.org

## ईलाका स्तरीय गोष्ठी सम्पन्न:

समग्रले फिल्डमा सञ्चालन गरिरहेको कार्यक्रमहरूको सामाजिक लेखा परिक्षण तथा आगामी पञ्चवर्षे तयनीतिक योजनाका संवन्धमा सुझाव संकलन गर्नका लागि सामाजिक परिवारहरूलाई पायक पर्ने स्थानहरू छनौट गरी इलाका स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गऱ्यो। जस अर्न्तगत सिरहा, सप्तरी र उदयपुरमा २-२ वटा र गोरखा, धादिङ्ग, लमजुङ्ग र महोत्तरीमा १-१ वटा कार्यक्रमहरू सम्पन्न भैसकेका छन् । सिरहा, सप्तरी र उदयपुरको कार्यक्रमहरूमा कार्यक्रम अधिकृत, धादिङ्गमा कार्यक्रम व्यवस्थापक तथा लमजुङ्ग र गोरखाको कार्यक्रममा कार्यकारी निर्देशक तथा साझेदार संस्था डानिडा ह्यूगोका मानवअधिकार सल्लाहकार मुकुन्द कट्टेल समेतको उपस्थिति थियो ।

सप्तरी जिल्लाको भगवतपुर गाविस अन्तर्गत कठौना उमाविमा भंगहा, वसलपुर, पत्थरगडा, मोहनपुर तथा रामपुरजमुनाका ५ गाविसका १८ वटा सामाजिक परिवारका प्रतिनीधिहरू तथा स्थानीय सेवादायी संघसंस्थाका गरी कुल १०६ जनाको सहभागितामा इलाका स्तरीय गोष्ठी सम्पन्न भयो । कार्यक्रमको सभापतित्व जिल्ला सामाजिक परिवारका सचिव अनिरुद्र मण्डलले गरेका थिए। उदयपुरको हडियामा सम्पन्न अन्तरक्रियामा जोगीदह र हडिया गाविसका साप, स्थानीय वुद्धिजीवी, शिक्षक, विभिन्न संघसंस्थाका प्रतिनीधिहरू गरी ६७ जनाको सहभागिता थियो । साथै सो समयमा साँस्कृतिक नाचगान प्रतियोगिताको पनि आयोजना भएको थियो । ५ वटा सामाजिक परिवारले भाग लिएको सो प्रतियोगितामा समग्र विकास सेवा केन्द्र जतिदिनलाई भएपनि सामाजिक परिवार जुनी भरिलाई भन्ने वोलको गीत र नाच प्रथम भएको थियो भने लाइछौ वेशन भन्ने



*भावनाहरू परिवर्तन हुन्छन् तर सम्झनाहरू हुदैनन् । - जोएल अलेक्जाण्डर*

गीत दोस्रो भएको थियो । विजेताहरूलाई हडियाका पूर्व अध्यक्ष अर्जुन दाहालद्वारा पुरस्कार वितरण गरिएको थियो। सिरहाको मौवाहीमा भएको अन्तरक्रियामा मौवाही सीतापुर र कचनारी गाविसका महिला ६५ र पुरुष ५१ गरी ११६ जनाको सहभागिता थियो। कृष्ण सापको अध्यक्ष सुलोचना देवी शाहको सभापितत्वमा भएको कार्यक्रममा विभिन्न राजनितिक दलका प्रतिनीधिहरू, स्थानीय संघसंस्थाका प्रतिनीधिहरूको उपस्थीति थियो ।

धादिङ्गको गजुरीमा सम्पन्न कार्यक्रममा गजुरी, पीडा, वेनीघाट र कुम्पुर गाविसका ११ वटा सापका प्रतिनीधिहरू सहभागि थिए । लमजुङ्गको सिम्पानीमा भएको अन्तरक्रियामा चण्डीस्थान, सिम्पानी, भुलभुले, घनपोखरा र वाँफाखेतका ११ वटा सापका प्रतिनीधिहरू सहभागि भए। गोरखाको वोर्लाङ्गमा भएको अन्तरक्रियामा दर्वुङ्ग, फूजेल, नामजुङ्ग, वोर्लाङ्ग, धावा, आरुचनौटे गाविसका सापका प्रतिनीधि, स्थानीय संघसंस्थाका प्रतिनीधि सहित १५७ जनाको सहभागिता थियो। सो अवसरमा समग्र, साझेदार संस्था डानिडा ह्यूगो तथा समुदायका प्रतिनीधिहरूको विचमा अन्तरक्रिया भएको थियो ।



## ३४ औं साधारण सभा सम्पन्न :

समग्र विकास सेवा केन्द्रको ३४ औं साधारणसभा अध्यक्ष कञ्चन लामाको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भयो। सो साधारण सभाले महासचिव सूर्य प्रसाद नेपाल तथा कोषाध्यक्ष श्रीमती चमेली प्रधानले पेश गर्नुभएको संस्थागत प्रगति विवरण र आर्थिक प्रगति विवरण पारित गरेको थियो । त्यसैगरी आ.व.२०६८/६९ को लेखा परिक्षण प्रतिवेदन पनि पारित गरियो। आ.व. २०६९/७० को वार्षिक लेखा परिक्षणका लागि प्रवीणध्वज जोशीलाई नियुक्त गरी पारिश्रमिक निर्धारण गर्‍यो। साथै भावी कार्यक्रम तथा पञ्चवर्षिय योजनाको खाकाका वारेमा व्यापक छलफल गरेको थियो।



## मनाईयो : महिला हिंसा विरुद्धको १६ दिने अभियान

महिला हिंसा विरुद्धको १६ दिने अभियान अर्न्तगत सिरहा, सप्तरी, उदयपुर, महोत्तरी, गोरखा, धादिङ्ग र लमजुङ्गमा अन्य संघसंस्थाहरूसंग मिली संयुक्तरुपमा महिला हिंसाका विरुद्धमा विभिन्न कार्यक्रमहरू आयोजना गरियो। सिरहा जिल्लाको मझौरा गा.वि.समा जनचेतना अभिमुखि कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा ३३ जनाको सहभागिता थियो । समग्र विकास सेवा केन्द्र लगायत मानव अधिकार संजालमा रहेका संघ संस्थाले कार्यक्रमको आयोजना गरेका थिए । गाउँ घरमा भईरहेका घरेलु हिंसाको वारेमा जानकारी गराउनुका साथै समाजमा महिलाहरूमाथि हुने हिंसालाई कसरी न्युनिकरण गर्ने र कानुनि सेवा कसरी लिन सकिन्छ भन्ने जानकारी दिनुका साथै कचनारी गाविसका १,२,३ र ९ वडाका कल्याण, शान्ति महिला, सृजना सामाजिक परिवारका सदस्य लगायत ५५ जनाको सहभागितामा जनचेतना अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो। सिरहा कचनारी गा.वि.स.को नरगी चौकमा महिला हिंसा विरुद्ध जनचेतनामुलक सडक नाटक, मञ्चन गरियो। २२० जनाको सहभागीतामा भएको त्यस नाटक महिलाहरूलाई सानैमा विवाह र दहेज नल्याएकोमा हुने हिंसामा आधारित थियो र त्यसले समाजमा हुने दुर्व्यवार रोक्न उत्प्रेरीत गर्दथ्यो ।



*जब एउटा ढोका बन्द हुन्छ, अर्को खुल्दछ तर हामी कहिलेकाही बन्द ढोकालाई यति धेरै र पश्चातापका साथ हेर्दछौं, हाम्रा लागि खुलेको ढोका नै देख्दैनौं । - अलेक्जाण्डर ग्राहमबेल*

# अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सम्पन्न:

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ र लमजुङका अधिकांश सामाजिक परिवारहरूले विभिन्न कार्यक्रम गरेका थिए । सिरहा जिल्लाको सीतापुर, कचनारी, सिसवनी तथा लहानका सामाजिक परिवारहरूले शिक्षा, तालिम र विज्ञानप्रविधिमा समान पहुँच, लैङ्गिक विभेदको अन्त्य, समान सहभागिताको सुनिश्चितता भन्ने नारासहित लहानमा र्‍याली गरे। बडहरामालको मनकामना साप, दलित विकास साप, कमलामाई साप, हिमाल साप लगायतका सदस्यहरूले बडहरामालका गाउँ-गाउँबाट जुलुस निकाली 'महिलाहरूको अधिकार सुनिश्चित गर' भन्ने नाराका साथ गाविस परिक्रमा गरी गाविस भवनअगाडि पुगेर कोणसभा गरे। साथै धनुषाको गोदार गाविसमा घरेलु हिंसासम्बन्धी वक्तृत्वकला प्रतियोगिताको आयोजना गरे । गोरखाका दरवुङ्ग, फूजेल, नाम्जुङ्ग र धावाका सापहरूले जनजाती सापको आयोजनामा वालुवाटारमा ६४ औं मानवअधिकार दिवस अन्तरक्रिया गरी मनाईयो। सिरहा जिल्लाका मानवअधिकार संरक्षण केन्द्र (संजाल)मा आवद्ध १७ वटा संघ संस्थाले मानवअधिकार दिवस मनाए। जातजाती, लिङ्ग, धर्म, पेशा, रंग को आधारमा कसैलाई भेदभाव गर्नु हुदैन भन्ने नाराका साथ लहान वजार परिक्रममा गरी लहानको रौनीयार सेवा सदनमा संचालन भएको कार्यक्रममा सहभागी भए । त्यही मानवअधिकारको वारेमा अन्तरकृया र मानवअधिकारकर्मीलाई सम्मान गर्ने कार्यक्रम संचालन गरियो । समग्रका क्षेत्रीय संयोजक तथा मानवअधिकार संरक्षण केन्द्र (संजाल)का संयोजक दुर्गा प्रसाद महतोको अध्यक्षतामा उक्त कार्यक्रम संचलन भएको थियो । कार्यक्रमा पत्रकार, संघसंस्था, सामाजिक परिवार राजनैतिक दल तथा सरकारी निकायका प्रतिनिधीहरू सहभागी थिए। ●




## के भन्छन् त सरोकारवालाहरू :

**नुरजाहन खातुन**
**अध्यक्ष**
**लालीगुराश साप**
**कचनारी,सिराहा**



समग्रबाट सशक्त बनाई भेला गराएकाले संगठीत भएका छौं। वचतबाट फाईदा पुगेको छ। गाविसमा अगुवा महिला कार्यकर्ताको रुपमा रहेकी छु। गाविसले पनि हामीलाई निर्णय प्रक्रियामा सभागिता गराउँछन् । सवै सापमा घरको अभिभावक जस्तै अध्यक्ष पदाधिकारीलाई वनाउछौं। त्यस कारण कुनै किसिमको समस्या आएको छैन। विद्यालयमा छात्रवृत्ति नपाएर तालावन्दी गरी माग पूरा भएपछि ताला खोल्यौं । हेल्थपोष्टमा पनि तालावन्दी गराई २४ घण्टे उपचार सेवा शुरु गराएका छौं। यसबाट उपचारमा राहत पाइएको छ, सुत्केरीहरूको ज्यान वचेको छ। गाविसमा हाम्रो सहभागिता विना निर्णय हुदैन। यो सवै सामाजिक परिवारको योगदान हो। ●

**वालयोगेश्वर यादव,एमाओवादी,**
**अध्यक्ष मौवाही, सिरहा**



समग्रले हाम्रो यस मौवाही गाविसमा धेरै पहिलेदेखि राम्रो काम गर्दै आएको छ। दलित तथा महिलाहरुको सशक्तिकरण भएको देखेर मलाई खुशी लागेको छ । माओवादीले परिवर्तनको लागि गरेको जनयुद्ध र समग्रको सशक्तिकरण कार्यक्रमको प्रभावले हिजो भुइँमा बस्ने महिलाहरू आज वेन्चमा वस्न पाएका छन्। कमजोर महिला तथा दलित वर्गहरू आफ्नो अधिकारको आवाज उठाउन सक्षम भएकाछन्। यस कार्यमा समग्रको योगदान महत्वपूर्ण छ। यसका लागि समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिन चाहन्छु। हाम्रो पार्टि यस संस्थाले गर्ने राम्रा कामकालागी सधैं साथमा छ। ●

**दिलमाया तामाङ,**
**सदस्य**
**जनजाति साप,**
**धावा, गोरखा**



सापमा लागेपछि नलजाई आफ्नो परिचय राम्रोसंग दिन सक्ने भएकी छु। मानवअधिकार, द्वन्द्व व्यवस्थापन तालिम, भ्रमण जस्ता कार्यक्रममा सहभागि हुन पाएपछि धेरै कुराहरू सिकियो । वचत संकलन गरी सापमा सदस्यहरूलाई आवश्यक परेका वखत, आयआर्जन कामका लागि विउपुँजि उपलव्ध गराउँदै आएका छौं। देउसी, भैलो खेलेर तथा अन्य संघ संस्थाहरूसंग सहयोग मागेर सामुदायिक भवन निर्माण गरेका छौं। व्यक्तिगत घटना दर्ता गराउने, केटाकेटीहरूलाई स्कुल पठाउने, सरसफाई, आफ्नो अधिकारको खोजी गर्ने जस्ता कार्यहरू हाम्रो सापले गर्दै आइरहेको छ। ●

*तपाईंलाई पैसा चाहिंदैन जस्तो गरी काम गर्नुस्, तपाईंलाई कहिल्यै कुनै चोट परेको छैन जस्तो गरी माया गर्नुस् र कसैले पनि तपाईंलाई हेरेको छैन जस्तो गरी नाच्नुहोस् । - रँदल लीटन*

## समावेशीको नमूना कुर्पिन साप

लमजुङ्ग जिल्लाको सदरमुकाम वेशीसहरबाट करीव २ घण्टाको पैदल यात्राबाट कुर्पिन गाउँ पुग्न सकिन्छ । यो गाउँ वाग्लुङ्गपानी गाविसको वडा नं. ५ र ७ मा पर्दछ । त्यसगाउँबाट मनाश्लु हिमालको पूरै दृश्य अवलोकन गर्न सकिन्छ । चण्डीस्थान गाविससंग जोडिएको यस गाउँमा विभिन्न जातजातिहरूको वसोवास रहेको छ । मजाकोटी, वयालकोटी, सुर्खेती, परियार, वोहरा, पण्डित, विश्वकर्मा, अधिकारी, पराजुली, श्रेष्ठ, गुरुङ जस्ता ११ थरमा मानिसहरूको वसोवास त्यस गाउँमा पाइन्छ। उनीहरू सवै मिलेर २०६३ सालमा कुर्पिन सामाजिक परिवार स्थापना गरेका थिए । महिला १९ र पुरुष १६ जनाले प्रतिनीधित्व गर्ने त्यस सापमा ३५ घरधुरी समेटिएका छन् । सापको मासिक वैठक ७ गते विहान ७:३० वजे शुरु हुन्छ। वैठकमा ढिलो आउने सदस्यले रु ५ जरिवाना तिर्नुपर्ने नियम छ। कहिले काही म ढिलो आइपुग्दा मैले जरिवाना तिरेको छु, मिरा भण्डारीले वताइन्। अध्यक्षमा आश बहादुर मजाकोटी, उपाध्यक्षमा पार्वती वयलकोटी, सचिवमा कमला पराजुली, कोषाध्यक्षमा वलवहादुर अधिकारी रहेका त्यो कार्यसमिति साँच्चै समावेशी देखिन्छ। वैठकका दिन उनीहरू मासिक रु ५० का दरले वचत उठाउने, पहिले लगानी भएको रकम भाका पुगेको भए असुली गर्ने, ब्याज उठाउने, पुन: लगानी गर्ने, गाउँमा परेका समस्याहरूका वारेमा छलफल गर्ने, गाउँका लागि नयाँ योजना वनाउने गर्दछन् । सेवादायी निकायमा कार्यक्रम माग गर्ने, पहल गर्ने निर्णय पनि गर्दछन् । सरसरफाई, विद्यालय, व्यक्तिगत घटना दर्ता जस्ता विषयहरू वैठकमा उठ्ने गरेको उनीहरु बताउँछन्। सामाजिक परिवार वनेपछि के फाइदा भयो त ? भन्ने जिज्ञासामा त्यस सापका अध्यक्ष भन्छन्: "धेरै फाइदा भएको छ । पहिलो त छिन्नभिन्न भएका हामी गाउँलेहरू संगठित भएका छौं। विभिन्न जातका व्यक्तिहरू एक ठाउँमा भेला भएर वैठक गर्छौं। हामीसंग अहिले ४० हजार जति वचत कोष जम्मा भएको छ, यसले घरखर्च चलाउन सरसापट गर्न सजिलो भएको छ । मर्दापर्दा सवै मिलेर सघाउने गरेका छौं । समग्रले दिएको मानवअधिकार तालिम, भ्रमण, विभिन्न गोष्ठीबाट धेरै कुरा वुझ्ने मौका पाएका छौं । गाउँको विकास गर्ने सुत्र पाएका छौं ।" ●

### आ.व ०६८/०६९ लेखा परिक्षण गरिएको आय व्यय विवरण

| आम्दानी तर्फ | |
|---|---|
| गत आ.ब २०६७/६८ को मौज्दातबाट | रु.११,५२,५१४.१२ |
| डानिडा/हुगोबाट | रु.६०,००,०००.०० |
| गरिबी निवारण कोषबाट | रु.७,४३,४३८.०० |
| जि.वि.स. गोरखाबाट | रु.१,९०,३३२.०० |
| जि.वि.स. लम्जुङबाट | रु.९,१४,२३८.०० |
| शिक्षा कार्यालय लम्जुङबाट | रु.३,५००.०० |
| संस्थागत आम्दानीबाट | रु.१,१५,७०७.३५ |
| घुम्ती कोषबाट | रु.९९,९५,४००.०० |
| **कुल आम्दानीबाट** | **रु.१,९१,१५,१५९.४७** |
| **खर्च तर्फ** | |
| प्रशासनिक तथा शिर्षक अनुसारको खर्च | रु.३९,७२,५२०.०० |
| परिश्रमिक | रु.२४,५५,१८९.६५ |
| उपदान तथा कर्मचारी हितकोष | रु.२,१८,४००.०० |
| भ्रमण तथा यतायात खर्च | रु.२,७६,३३२.०० |
| घर भाडाहरू (केन्द्र तथा जिल्लाको समेत) | रु.५,२६,७६३.०० |
| अन्य सञ्चालन खर्चहरू * | रु.४,९५,८३५.३५ |
| कार्यक्रम सञ्चालन खर्च (घुम्ती कोष परिचालन समेत) | रु.१४३,६८,४६३.८० |
| सम्पती तर्फ | रु.२१,१८०.०० |
| गत बर्षको दायित्व | रु.२६,४८८.३३ |
| **कुल खर्च** | **रु.१,८३,८८,६५२.१३** |
| **०६८/०६९ पुष मसान्तसम्मको बचत** | **रु.७२६५०७.३४** |

*केन्द्र, क्षेत्रीय तथा जिल्ला सम्पर्क कार्यालयहरु समेतको मसलन्द, टेलिफोन, विजुली, मर्मत तथा संचार, आन्तरिक यातायाता, इन्धन अतिथि सत्कार आदि खर्च ।

### २०६९ साउन देखि पौष समान्तसम्म सम्पन्न क्रियाकलापहरूको विवरण :

| कार्यक्रमको विवरण | संख्या | महिला | दलित | जनजाती | मश्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| स्थानीय तहमा मानव अधिकारको अनुगमन | ४० | ६४६ | ३५७ | ३१२ | २३ | १४६ | ८३८ |
| मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | ४० | ११९४ | ५८५ | ३०९ | ५५ | ३२३ | १२७२ |
| सामाजिक लेखाजोखा | ५ | ३२३ | १५८ | १६९ | ३ | १२६ | ४५६ |
| सामाजिक परिवार परिचालन | २९५ साप | | | | | | |
| कार्यक्रम पूर्व अध्ययन | १ | ४ गाविस | | | | | |
| केन्द्रीय स्तरको तालिम | १ | ७ | ३ | ७ | | ११ | २१ |
| क्षेत्रीय तथा जिल्ला स्तरको अन्तरक्रिया/समिक्षा | २ | ३६ | १५ | ११ | | ३७ | ६३ |
| साप स्तरको अभिमूखिकरण | १६६ | ७९० | ६३९ | २१२ | ४४ | २७३ | ११६८ |
| समन्व/संजाल स्थापना/माग पत्र पेश/लविङ्ग | ८९ | ८९ संस्था | | | | | |
| सचेतना अभियान संचालन | ९१ | ८८५ | ४३६ | ४४८ | ५१ | २१३ | ११४८ |
| सहभागितामूलक योजना निर्माण तथा श्रोत मापन | २८ | ४११ | ३७६ | २०४ | ३२ | ११४ | ७२६ |
| मानवअधिकारसंग संवन्धी दिवसहरू मनाउने | ११ | ३६२ | १६९ | १४० | १८ | १४७ | ४७४ |
| द्वन्द व्यवस्थापन कार्य | ११ | २२ घरधुरी | | | | | |
| शान्ति र मेलमिलाप सम्बन्धि कार्य | ५ | १४८ | १२२ | ११४ | ० | ९३ | ३२९ |
| सामाजिक परिवारको स्रोत व्यवस्थापन | १५ | १४८ | ६६ | ६५ | | १०३ | २३४ |
| सहकारी व्यवस्थापन तालिम | १ | ५ | | | | | |
| सोत साधान र अधिकारमा दावी | ४० | ६० संस्था | | | | | |
| व्यवसायीक तथा सीप विकास तालिम | २ | २७ | २५ | २६ | | १५ | ६६ |
| घुम्ती कोष संचालन | १५ | १८७ | १० | २८१ | | ३३ | ३२४ |